# आकाशवाणी समाचार- नेपाली
# मितिः २६ जून २०२६
# समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

१. प्रधान मन्त्री नरेन्द्र मोदीले हिजो संयुक्त राष्ट्र संघका महासचिवका विशेष सल्लाहकार नेदरल्याण्ड्सकी महारानी म्याक्सिमासँग भेटवार्ता गर्नुभयो।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले भोलीदेखि २९ जुनसम्म सेसेल्सको राजकीय भ्रमण गर्नुहुनेछ ।

३. वाणिज्य तथा उद्योग मंत्री पीयूष गोयलले भन्नुभयो-भारत र ब्रिटेनबीच भएको मुक्त व्यापार समझौता, हालसम्म भारत द्वारा गरिएको सबैभन्दा व्यापक समझौताहरू मध्येमा एक हो

४. गृहमन्त्री अमित शाहको अध्यक्षतामा आज नयाँ दिल्लीमा नार्को-कोऑर्डिनेशन सेंटरको १० औं शीर्ष स्तरीय बैठक हुँदैछ।

५. आइसीसी महिला टी-ट्वान्टी विश्वकप क्रिकेटमा भारतले बंगलादेशलाई पाँच विकेटले पराजित गरेको छ ।

## प्रधानमंत्री - महारानी मैक्सिमा

प्रधान मन्त्री नरेन्द्र मोदीले हिजो नयाँ दिल्लीमा संयुक्त राष्ट्र संघका महासचिवका विशेष सल्लाहकार नेदरल्याण्ड्सकी महारानी म्याक्सिमासँग भेटवार्ता गर्नुभयो। एक सोशल मीडिया पोस्टमा, श्री मोदीले बैठकमा उहाँले भारतको डिजिटल सार्वजनिक पूर्वाधारले कसरी जीवनयापनलाई सजिलो बनाइरहेको छ र वित्तीय सेवाहरूलाई अझ सुलभ र किफायती बनाएर ठूलो मात्रामा मानिसहरूलाई सशक्त बनाइरहेको भन्ने बारेमा छलफल गरेको बताउनुभयो । प्रधानमन्त्री मोदीले विश्वभरका साझेदार देशहरूसँग आफ्नो अनुभव बाँड्न भारत प्रतिबद्ध रहेको बताउनु भयो ।

## प्रधानमंत्री - सेशेल्स

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी भोलीदेखि २९ सम्म सेसेल्सको राजकीय भ्रमण गर्नुहुनेछ । भ्रमणका क्रममा उहाँ सेसेल्सको राष्ट्रिय दिवसको स्वर्ण महोत्सवमा प्रमुख अतिथिका रुपमा सहभागी हुनुहुनेछ । प्रधानमन्त्रीको सेसेल्सको यो दोस्रो भ्रमण हो । यसअघि उहाले २०१५ मा सेसेल्सको भ्रमण गर्नुभएको थियो । विदेश मन्त्रालयका अनुसार उक्त समारोहमा भारतीय रक्षा बलको एक दल र भारतीय नौसेनाका दुई जहाज पनि सहभागी हुनेछन् । प्रधानमन्त्रीले सेसेल्सको राष्ट्रिय सभालाई पनि सम्बोधन गर्ने कार्यक्रम छ । भ्रमणका क्रममा प्रधानमन्त्री मोदीले सेसेल्सका राष्ट्रपति डा. प्याट्रिक हर्मिनीसँग द्विपक्षीय वार्ता गर्नुहुनेछ । दुई नेताले आपसी सहयोगका विविध क्षेत्रलाई समीक्षा गर्नुका साथै क्षेत्रीय र अन्तर्राष्ट्रिय मुद्दाहरुमा पनि विचार आदानप्रदान गर्ने कार्यक्रम रहेको विदेश मन्त्रालयले जनाएको छ ।

प्रधान मन्त्रीले सेसेल्सको राष्ट्रिय सभालाई सम्बोधन गर्नुहुनेछ र भारतीय प्रवासी सदस्यहरूसँग अन्तरक्रिया गर्नुहुनेछ।

## गोयल - ब्रिटेन समझौता

वाणिज्य तथा उद्योग मंत्री पीयूष गोयलले भन्नुभयो-भारत र ब्रिटेनबीच भएको मुक्त व्यापार समझौता, हालसम्म भारत द्वारा गरिएको सबैभन्दा व्यापक समझौताहरू मध्येमा एक हो| लन्डनमा इंडिया ग्लोबल फोरमको **यूके-इंडिया वीक** कार्यक्रममा उहाँले भन्नुभयो-यस समझौताले दुवै देशबीच लगभग 48 अरब पाउंडको वार्षिक व्यापारलाई अझ प्रोत्सहान मिल्नेछ

**बाइट**

**शेखावत - आपातकाल कार्यक्रम**

केन्द्रीय संस्कृति मन्त्री गजेन्द्र सिंह शेखावत हिजो नयाँ दिल्लीमा आपतकालको ५० वर्ष पूरा भएको उत्सवको समापन समारोहमा सहभागी हुनुभयो। यो कार्यक्रम सन् १९७५ मा घोषित संकटकालको दमनकारी अवधिको सम्झना गर्न र लोकतान्त्रिक मूल्यहरूलाई सुदृढ गर्न गतिविधिहरूको श्रृंखलाको परिणति थियो। यस अवसरमा श्री शेखावतले स्वतन्त्रता संग्रामसँग सम्बन्धित स्थानीय र ऐतिहासिक घटनाहरूको डिजिटल अभिलेख प्रस्तुत गर्ने 'लोकतान्त्रिक अमर रहे' र 'डिजिटल जिल्ला भण्डार' प्रदर्शनीको अवलोकन गर्नुभयो। श्री शेखावतले भन्नुभयो यो कार्यक्रम स्वतन्त्रता संग्रामका गुमनाम नायकहरूलाई श्रद्धांजलि दिन, संवैधानिक लोकतन्त्रलाई सुदृढ पार्न र भारतको सांस्कृतिक विरासतलाई हर्षित रूपमा स्मरण गर्न समर्पित थियो।

**शाह-एनसीबी**

केन्द्रीय गृहमन्त्री अमित शाहको अध्यक्षतामा आज नयाँ दिल्लीमा नार्को-कोऑर्डिनेशन सेंटरको १० औं शीर्ष स्तरीय बैठक हुँदैछ। मादक पदार्थ नियंत्रण ब्यूरो-एनसीबीले आयोजना गरेको बैठकमा केन्द्रीय मन्त्रालय, राज्य सरकार र देशमा लागुऔषध ओसारपसारसँग सम्बन्धित कानून प्रवर्तन एजेन्सीहरूका प्रतिनिधिहरूले देशमा लागुऔषध तस्करी र दुरुपयोगविरुद्ध लड्ने प्रयासहरूलाई सुदृढ पार्ने उपायहरूबारे छलफल गर्ने गृह मन्त्रालयले जनाएको छ। गृहमन्त्रीले मादक पदार्थ नियन्त्रणसम्बन्धी २०२६-२०२९ को भिजन डकुमेन्ट जारी गर्नुहुनेछ जुन सरोकारवालाहरूसँग व्यापक परामर्शपछि तयार गरिएको हो। दस्तावेजले लागुऔषधको माग र आपूर्ति घटाउने र पुनर्स्थापनामा केन्द्रित समन्वित उपायहरू मार्फत लागुऔषध खतरासँग लड्न भविष्यको योजना प्रदान गर्नेछ। यसले सिन्थेटिक ड्रग्स र डार्कनेटको नेतृत्वमा तस्करीको उदीयमान चुनौतीहरूलाई सम्बोधन गर्ने रणनीतिका साथै जागरूकता, उपचार र पुनर्वास सेवाहरूलाई बढावा दिनेछ।

**उत्तर प्रदेश अयोध्या प्राथमिकी**

उत्तर प्रदेश सरकारले श्री राम जन्मभूमि तीर्थक्षेत्र दानमा कथित अनियमितताको सम्बन्धमा आठ नामजद अभियुक्त र अन्य अज्ञात व्यक्तिहरू विरुद्ध पहिलो एफआईआर दर्ता गरेको छ। मुख्यमन्त्री योगी आदित्यनाथको निर्देशनमा गठित विशेष अनुसन्धान टोली (एसआईटी) को सिफारिसपछि एफआइआर दर्ता गरिएको हो। ट्रस्टका सदस्य कृष्ण मोहनको लिखित शिकायतका आधारमा श्रीराम जन्मभूमि पुलिस स्टेशनमा मुद्दा दर्ता गरिएको छ। यस प्राथमिकमा अविनाश शुक्ला, अनुकल्प मिश्रा, लवकुश मिश्रा, मनीष कुमार यादव, करुणेश पांडे, रमाशंकर मिश्रा, सुभाष श्रीवास्तव र राम शंकर यादव उर्फ टिन्नू सहित अन्य अज्ञात अभियुक्तहरूको नाम दर्ता भएका छन्। अभियुक्तहरूलाई भारतीय न्यायिक संहिताको विभिन्न धाराहरू र भ्रष्टाचार निवारण ऐनको सम्बन्धित धाराहरू अन्तर्गत मुद्दा दायर गरिएको छ।

**आईएमएफ - युद्धविराम अर्थव्यवस्था**

अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले इरान संघर्षको आर्थिक प्रभाव र ऊर्जाको बढ्दो मूल्य हुदाहुदै पनि भारत विश्वव्यापी आर्थिक वृद्धिको प्रमुख चालक रहेको बताएको छ। आईएमएफकी सञ्चार निर्देशक जुली कोजाकले भारतको अर्थतन्त्र बलियो घरेलु मागका कारण लचिलो रहेको बताउनु भयो । आईएमएफले वित्त वर्ष २०२६–२७ मा भारतको आर्थिक वृद्धिदर ६.५ प्रतिशतमा कायम राखेको छ ।

**मुहर्रम**

आशुरा–ए–मुहर्रम आज देशका विभिन्न भागमा पूर्ण श्रद्धाका साथ मनाइँदैछ । यो दिन पैगम्बर मुहम्मदका नाति हजरत इमाम हुसैन र उनका साथीहरूको शहादतको सम्झना गरिन्छ, जसले कर्बलामा सत्य, न्याय र धार्मिकताको रक्षाका लागि आफ्नो जीवन बलिदान दिए। समारोहमा ताजिया जुलुस निकालिनेछ । कर्बलाका सहिदहरूको सर्वोच्च बलिदानको सम्झनामा मजलिस र धार्मिक सभाहरू पनि आयोजना गरिएको छ। समारोहमा सुरक्षाको व्यापक व्यवस्था मिलाइएको छ ।

**वेनेज़ुएला - भूकंप**

भेनेजुएलाको नेशनल एसेम्बलीका अध्यक्ष जर्ज रोड्रिगेजले दुई शक्तिशाली भूकम्पमा परी मृत्यु हुनेको संख्या १८८ पुगेको र १ हजार ५२० जना घाइते भएको बताएका छन् । जबकी २०० जना अझै पनि भग्नावशेषमा फसेका छन् । राजधानी काराकासमा दुई शक्तिशाली भूकम्पमा करिब दुई हजार ९२७ परिवार विस्थापित भएका रोड्रिगेजले बताए । राजधानीको तटीय क्षेत्र ला गुआइरामा सबैभन्दा बढी क्षति भएको छ ।यसैबीच भेनेजुएलाका कार्यबाहक राष्ट्रपति डेल्सी रोड्रिगेजले संकटकाल घोषणा गर्नुभयो। सुश्री रोड्रिगेजले राष्ट्रलाई सम्बोधन गर्दै अर्को आदेश नभएसम्म कक्षाहरू र गैर-आवश्यक गतिविधिहरू स्थगित गर्ने घोषणा गर्नुभयो। राष्ट्रपति रोड्रिगेजले यस कठिन समयमा भारत र भेनेजुएलाबीचको बलियो सम्बन्धलाई प्रतिबिम्बित गर्दै भारतको एकजुटता र सहयोगको प्रस्तावका लागि कृतज्ञता व्यक्त गर्नुभयो ।

**टी20 विश्व कप - परिणाम**

आइसीसी महिला ट्वान्टी विश्वकप क्रिकेटमा भारतले बंगलादेशलाई पाँच विकेटले पराजित गरेको छ । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको बंगलादेशले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १३६ रन बनाएको थियो । बलिङतर्फ भारतका लागि राधा यादवले तीन तथा चरणीले दुई विकेट लिइन् । जवाफी ब्याटिङमा उत्रिएको भारतले १६ ओभर ५ बलमा ५ विकेट गुमाएर लक्ष्य भेट्टायो । शेफाली बर्माले ५३ रनको उत्कृष्ट इनिङ खेलिन् ।

**फीफा विश्व कप**

फिफा विश्वकप फुटबलमा आइभोरी कोस्टले कुराकाओलाई दुई शून्यले पराजित गर्दै पहिलो पटक नकआउट चरणमा स्थान बनाएको छ । अर्को खेलमा इक्वेडरले जर्मनीलाई २–१ ले पराजित गरेको छ । यसअघि मोन्टेरेमा भएको खेलमा दक्षिण अफ्रिका पहिलो पटक नकआउट चरणमा पुगेको हो ।

**मुख्य समाचार        बिहान ७.२५ बजे ,दिनांक १७ /०६/२६.**

१.प्रधानमंत्री नरेन्द्र मोदीले  फ्रांसमा हिज जी-7 शिखर सम्मेलनमा  एक सत्रलाई संबोधित गर्नुहुदै अंतरराष्ट्रीय साझेदारीमा  **विश्वास** को  महत्वमाथि  ज़ोर दिनु भएको छ ।

२.जी-7 शिखर सम्मेलनको  क्रममा , प्रधानमंत्री नरेंद्र मोदीले  आज अमरीकाका  राष्ट्रपति डोनाल्ड ट्रंपको  साथ बैठक गर्नुहुनेछ ।

३.यमुना नदीको पुनरुत्थानका लागि किशाउ बाँध परियोजनामा छवटा राज्यबीच सहमति भएको छ।।

**४.आगामी NEET परीक्षालाई ध्यानमा राख्दै राष्ट्रिय परीक्षण एजेन्सी (NTA) ले विद्यार्थी र अभिभावकहरूलाई ठगी गर्नेहरूबाट सावधान रहन आग्रह गरेको छ।**

**५.श्रीलंकामा त्रिकोणात्मक एकदिवसीय क्रिकेट शृंखलामा आज भारत ए ले अफगानिस्तान ए को सामना गर्नेछ। खेल बिहान १०:०० बजे सुरु हुनेछ।**